# कोभिड-१९ को प्रतिकार्य सम्बन्धी वर्तमान अवस्थाको समीक्षा प्रतिवेदन

२०७८।०६।०४ जुम बैठक

<u>आयोजक</u>

प्रदेश नीति तथा योजना आयोग

बागमती प्रदेश, हेटौंडा

# विषय सूची


१. परिचय....2
२. उद्देश्य....2
३. बैठकका सहभागीहरू....2
४. सहभागीहरूबाट पहिचान भएका प्रमुख विषयहरू....2
५. आगामी कार्यहरू....5
अनुसूची १: सहभागीहरूको लागि पठाइको बैठकको पत्र....6

परिमार्जित

# कोभिड-१९ को प्रतिकार्य सम्बन्धी वर्तमान अवस्थाको समीक्षा सम्बन्धी जुम बैठकको प्रतिवेदन

## १. परिचय

२०७८ असोज ३ गते साँझ ५ बजे सम्ममा नेपालमा ८ लाख ७३ हजार ५ सय ३४ जना कोभिड-१९ बाट संक्रमित भएकोमा ९३.९० प्रतिशत निको भएको र करिब १.५ प्रतिशतको निधन भएको छ। बागमती प्रदेशमा हालसम्म ४ लाख २८ हजार ८ सय ४८ जना संक्रमित भएकोमा ९६.८० प्रतिशत निको भएको र १.०३ प्रतिशतको निधन भएको छ। यस प्रदेशमा विगत २४ घन्टामा गरिएको कोरोनाको परीक्षणमा ४.६१ प्रतिशत पोजिटिभ देखिएको छ (स्रोतः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, नोभल कोरोना भाइरस सम्बन्धी दैनिक प्रतिवेदन)। नेपालको कुल कोरोना सङ्क्रमित सङख्यामा बागमती प्रदेशको हिस्सा ४९.०९ प्रतिशत रहेको छ। यसको मतलव हरेक २ जना सङ्क्रमितमध्ये १ सङक्रमित बागमती प्रदेशको नागरिक हुने गरेको छ। यस तथ्यबाट कोरोना सङ्क्रमणको हिसाबले बागमती प्रदेश अन्य प्रदेशको तुलनामा सबभन्दा बढी जोखिममा रहेको प्रष्ट हुन्छ। यस तथ्यलाई मनन गरी बागमती प्रदेशमा कोभिड-१९ को प्रतिकार्य सम्बन्धी हालको अवस्थाको समीक्षा गर्न प्रदेश नीति तथा योजना आयोगको आयोजनामा प्रतिकार्य कार्यमा संलग्न प्रमुख सरोकारवालाहरूसँग मिति २०७८ असोज ४ गते दिनको २ बजे देखि ५ बजेसम्म जुम बैठक सञ्चालन गरिएको थियो। जुम बैठकको निमन्त्रणा पत्र अनुसूची १ मा प्रस्तुत गरिएको छ।

## २. उद्देश्य

बागमती प्रदेश सरकारले कोरोना रोकथाम र उपचारको लागि गर्नुपर्ने आगामी कार्यहरू पहिचान उद्देश्यले कोभिड-१९ को प्रतिकार्य सम्बन्धी हालको अवस्थाको समीक्षा गर्न उक्त जुम बैठक सञ्चालन गरिएको हो।

## ३. बैठकका सहभागीहरू

जुम बैठकमा निम्न निकायहरूको सहभागिता रहेको थियो।

- स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश
- प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश
- जिल्ला स्वास्थ्य कार्यालयका प्रमुखहरू
- सरकारी अस्पतालका प्रमुखहरू
- कोभिड प्रतिकार्यमा संलग्न प्रमुख संघ संस्थाहरू

## ४. सहभागीहरूबाट पहिचान भएका प्रमुख विषयहरू

बैठकका सहभागीहरूबाट पहिचान भएका प्रमुख विषयहरू देहाय बमोजिम रहेका छन्

**योजना र समन्वय**

- वर्तमान अवस्थामा हामी कोभिडमा बढी केन्द्रित छौं तर डेङ्गे, स्क्रव टाइफस, निपा भाइरस लगायतका अन्य महामारीहरूतर्फ हाम्रो ध्यान त्यति जान सकेको छैन। यसको लागि योजना र कार्ययोजना बनाउनु आवश्यक छ।
- अस्पतालहरूमा कोभिड, गैरकोभिड र पोष्ट कोभिडका बिरामीको लागि छुट्टाछुट्टै क्लिनिक हुनु पर्ने देखिन्छ।
- स्वास्थ्य सेवा लिने बिरामी र सेवा दिने संस्थाहरूको घनत्वका आधारमा चितवन जिल्ला काठमाण्डौ जस्तै जटिल भइसकेको छ। अब चितवनको चापलाई जिल्लाको सोचले मात्र धान्न देखिँदैन। यसको लागि छुट्टै योजना आवश्यक छ। जस्तैः चितवनको जनस्वास्थ्य कार्यालयमा १ जना ल्याब प्राविधिक छ तर सेवा धेरै दिनु परिरहेको छ। थप जनशक्ति र सामग्रीको व्यवस्था गर्न आवश्यक छ।
- हाम्रो आपत्कालीन विपद् योजना प्राकृतिक प्रकोपसँग सम्बन्धित छ, स्वास्थ्य सम्बन्धित आपत्कालीन विपद् योजना पनि आवश्यक देखिन्छ।
- बाढी, पहिरो, भारी वर्षा वा अन्य प्राकृतिक प्रकोपका कारण विशेषतः हिमाली र पहाडी जिल्लाहरूमा आवागमनमा समस्या परेको अवस्थामा Air Lift को व्यवस्था गर्नुपर्ने देखिन्छ। मातृ तथा नवजात शिशु मृत्युदर बढी भएका स्थानीय तह र जिल्लाहरूमा यस्तो व्यवस्था गर्न आवश्यक छ।
- सूचना व्यवस्थापन, योजना तर्जुमा, सेवा प्रवाह, गुणस्तर नियन्त्रण, संघ संस्थाको परिचालन, स्रोत परिचालन लगायतका विषयहरूमा तीनै तहको सरकार बीच बलियो समन्वय हुनु पर्ने देखिन्छ।
- नगरपालिका र गाउँपालिका एवम जिल्ला स्वास्थ्य सेवा कार्यालयको समन्वय, सहकार्य, प्रतिवेदनको क्षेत्रमा एकरूपता र परस्परको सहयोग आवश्यक छ।
- शहर र ग्रामीण क्षेत्रको स्वास्थ्य समस्याको भिन्नतालाई बुझेर सोही अनुरूपको सेवा प्रवाह गर्न आवश्यक छ।
- कोभिडको तेश्रो लहर वा अन्य महामारी आयो भने कसरी सामना गर्ने भन्ने बारेमा अहिले देखि नै तयारी गर्न आवश्यक छ। यसका लागि समुदायस्तर देखि सरकारी स्तरसम्म Epidemic Response Team बनाएर परिचालन गर्न आवश्यक छ।

**सेवाको उपलब्धता र पहुँच**

- कोरोना परीक्षण कम हुँदै गएको छ। साथै सक्रिय सक्रमित र मृत्यु हुनेको सङ्ख्यामा पनि कम हुँदै गएको छ।
- उपलब्ध भएसम्म कोरोना विरूद्धको खोप दिइएको छ तर सबैले खोप प्राप्त गरिसकेका छैनन्। १०० प्रतिशतलाई खोप लगाउन आवश्यक छ। बागमती प्रदेशमा अहिले पनि खोप लगाउन बाँकी रहेको १८ वर्षभन्दा माथिको सङ्ख्या करिब ३४ प्रतिशत (१३ लाख ४१ हजार) छ।
- एम्बुलेन्स सञ्चालन निर्देशिका छिटो छिटो परिवर्तन भैरहँदा एम्बुलेन्स सञ्चालनमा समस्या आइरहेको छ। एम्बुलेन्स सञ्चालनको लागि थप बजेट व्यवस्था र अनुगमनमा जोड दिनु पर्ने देखिन्छ।
- शहरी स्वास्थ्यका समस्याहरू प्रशस्त छन तर पर्याप्त सेवा दिन सकिएको छैन्। स्वास्थ्य सेवाका सूचकहरूमा सुधार ल्याउनको लागि शहरी स्वास्थ्य सेवा व्यवस्थापनमा हाम्रो ध्यान जान आवश्यक छ।
- रसुवा, रामेछाप, दोलखा, सिन्धुपाल्चोक लगायतका दुर्गम जिल्लाका अस्पतालहरूले स्तरीय प्रसुती सेवा दिन सकेका छैनन्।
- Home Isolation र Quarantine मा रहेका विरामीहरूको राम्रो निगरानी हुन नसक्दा विरामीको अवस्था जटिल बन्ने गरेको र कतिपयको मृत्यु नै हुने गरेको घटनाहरू देखिन थालेको छ।
- आम नागरिकहरू कोभिड पहिचानको लागि एन्टीजेन परीक्षण गराउन इच्छुक देखिदैन।
- संक्रमित विरामीहरू उपचारका लागि ढिलो आउने गरेका कारण कतिपय विरामीको मृत्युसमेत हुने गरेको छ।

**जनशक्ति व्यवस्थापन**

- अस्पतालहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) हुनु पर्ने देखिन्छ। सामान्य विरामी, भर्ना गरी उपचार गर्नुपर्ने विरामी र शैया सङ्ख्या सबै बढेका छन् तर सोही अनुपातमा जनशक्ति र स्रोत बढ्न सकेको छैन। सवारी साधन छ तर सवारी चालक छैन, भेन्टीलेटर छ तर चलाउने जनशक्ति छैन भने कतै पूर्वाधार पनि पर्याप्त छैन। यसले सेवा प्रवाह र त्यसको गुणस्तरमा नकारात्मक प्रभाव पारिरहेको छ।
- स्थानीय तहमा कार्यरत स्वास्थ्य कर्मीहरूको कार्य सम्पादन मूल्याङ्कनमा समस्या छ। उनीहरूको मनोबल गिरेको छ। यसमा जिल्ला स्वास्थ्य सेवा कार्यालय र स्थानीय तहको स्वास्थ्य शाखाहरूको संलग्नता हुनुपर्ने देखिन्छ।
- चिनियाँ नाकामा रहेको हेल्प-डेस्कमा पर्याप्त जनशक्ति छैन। Cross boarder consultation and treatment को लागि चिकित्सक नै हुनुपर्ने देखिन्छ।

पूर्वाधार संरचना र उपकरण

- अस्पतालहरूमा अक्सिजन प्लान्ट जडान हुँदैछन्। यसको सञ्चालन खर्च र आवश्यक जनशक्तिका सम्बन्धमा सोच्न आवश्यक छ।
- जनशक्ति नभएका र विरामीको चाप पनि कम भएका अस्पतालहरूमा ICU स्थापना र उपकरणहरू जडान भएका छन् भने तुलनात्मक रूपले जनशक्ति भएका, विरामी चाप पनि बढी भएका अस्पतालहरूमा ICU र उपकरणहरूको अभाव रहेको छ।
- १८ वर्ष मुनिकालाई लक्षित गरी ल्याउन खोजेको फाइजर खोप नकारात्मक तापक्रममा भण्डारण गर्नु पर्ने हुन्छ। यसका लागि वर्तमान खोप भण्डारण क्षमता र व्यवस्थामा सुधार आवश्यक छ।

गुणस्तर नियन्त्रण

- कोभिड रोकथाम र प्रतिकार्य योजना, अनुगमन र मूल्याङ्कन तथा नियमनको लागि जिल्ला स्वास्थ्य कार्यालयहरूलाई थप अधिकार र सो अनुरूपको स्रोत उपलब्ध गराउनु पर्ने देखिन्छ।
- Virtual नै भए पनि सबै Isolation Centers मा विश्व स्वास्थ्य सङ्गठनले तयार गरेको Standard र Practice को बारेमा अभिमुखीकरण गर्ने र सो मापदण्ड अनुसार कार्य भए नभएको अनुगमन गर्न आवश्यक देखिन्छ।
- नगरपालिकाहरूले सञ्चालन गरेका अस्पतालहरूको कार्यसम्पादनमा एकरूपता छैन। कतिपयको सेवा गुणस्तरीय छैन।

उत्प्रेरणा र खर्च व्यवस्थापन

- स्थानीय तहमा खटिएका स्वास्थ्यकर्मीहरूले सरकारले प्रतिवद्धता जनाए अनुसारको प्रोत्साहन भत्ता (Incentives) पाउन सकेका छैनन्। यसैगरी कोभिडमा काम गर्ने जनशक्तिले पनि प्रोत्साहन भत्ता पाएका छैनन्।
- अस्पतालहरूले Case base रकम पाएका छैनन् र दिइएका सेवाहरूको सोधभर्ना पनि हुन सकेको छैन।
- Contact Tracing र Follow up चुनौतीपूर्ण बन्दै गएको छ। यस कार्यमा संलग्न हुने समुदायस्तरमा खटिएका स्वयम सेवकहरूलाई सञ्चार खर्चसमेत उपलब्ध गराउन सकिएको छैन।
- चितवनमा रहेको संघीय कोष तथा लेखा नियन्त्रण कार्यालयले समयमा निकाशा नदिँदा काममा बाधा पुगेको छ। प्रदेशको आफ्नै लेखा नियन्त्रण कार्यालयबाट उक्त कार्य हुनु पर्ने देखिन्छ।
- निजी अस्पतालहरूले सरकारबाट प्राप्त गर्नु पर्ने सहयोग समयमा नपाउने र पर्याप्त पनि नहुने कारणले कोभिडको उपचारमा इच्छुक देखिदैन।
- स्वास्थ्य विमाबाट प्राप्त गर्नु पर्ने रकम प्राप्त गर्न बाँकी रहेको छ।
- ५० प्रतिशत Allowance पुरानो कर्मचारीहरूले पाएका छैनन्।

सूचना व्यवस्थापन

- बारम्बार Recording र Reporting Format परिवर्तन भैरहँदा Case Recording र Reporting मा कठिनाइ भैरहेको छ।

- स्थानीय तहबाट हुने Case Recording र Reporting मा समस्या छ। यसमा सुधार ल्याउन जरूरी छ।
- Case Follow up राम्ररी हुन सकेको छैन।
- कोभिड प्रतिकार्य सम्बन्धी स्थानीय तहले सम्पादन गरेका कतिपय कार्यहरूको विवरण स्वास्थ्य सेवा कार्यालयहरूमा प्राप्त हुन सकेको छैन।

## ५. आगामी कार्यहरू

माथि उल्लिखित समस्याहरूको सम्बोधनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ।

- स्वास्थ्यसँग सम्बन्धित प्रमुख संघीय निकायहरू, प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, स्वास्थ्य मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, जिल्ला समन्वय समितिका प्रमुखहरू, प्रदेश मातहतका स्वास्थ्य कार्यालय र अस्पतालका प्रमुखहरू, नगरपालिका संघ र गाउँपालिका महासंघको प्रतिनिधिको संयुक्त बैठक बसी समस्याहरूको आँकलन गरी एकीकृत योजनाको खाका तयार गर्ने। यसको समन्वय स्वास्थ्य मन्त्रालयले गर्ने।
- द्रुत विधिबाट अस्पताल, स्वास्थ्य सेवा प्रदायक अन्य संस्था, सहयोगी संघ संस्था, आइसोलेसन सेन्टर, क्वारिन्टाइन सेन्टर लगायतका निकायहरूको विद्यमान पूर्वाधार संरचना, उपकरण, जनशक्ति, उपलब्ध सेवाहरू, स्रोत आदिको क्षमता र आवश्यकता विश्लेषण गर्ने।
- सरकारी निकाय बाहेक अन्य निकाय, संस्था, व्यक्ति आदिबाट परिचालन भएका स्रोत, उपकरण, औषधि, पूर्वाधार संरचना, जनशक्ति, सेवा प्रवाह आदिको अभिलेख र प्रतिवेदन दुरुस्त राख्न अभिलेखन र प्रतिवेदनको ढाँचासहितको प्रणालीको विकास गर्ने।
- विशेष अधिकार, दायित्व र स्रोत सहितको आपत्कालीन सेवा प्रवाह सम्बन्धी एकीकृत कार्यविधि तर्जुमा गरी लागू गर्ने।
- Virtual नै भए पनि सबै Isolation Centers मा विश्व स्वास्थ्य सङ्गठनले तयार गरेको Standard र Practice को बारेमा अभिमुखीकरण गर्ने र सो मापदण्ड अनुसार कार्य भए नभएको अनुगमन गर्ने।
- अस्पतालहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गर्ने।

## अनुसूची १: सहभागीहरूको लागि पठाइको बैठकको पत्र

**Fwd: Review Meeting on Current Situation of COVID-19 Response**

1 message

---

**R. Sharan Pyakurel** <rspyakurel@gmail.com> Sun, Sep 19, 2021 at 5:12 PM
To: sbista101@mail.com, shedaindr@gmail.com, info@edcd.gov.np, heocmohp@gmail.com, pheoc.bagmati@gmail.com, p3mosd@gmail.com, office@ccmc.gov.np, hdprov3@gmail.com, jagat.basnet@gmail.com, gyankst@gmail.com, nilamtamrakar@hotmail.com, Pushkal Shrestha <pushkal.contact@gmail.com>

Dear all,

Forwarding this message for your necessary coordination, participation and facilitation of this meeting.

Regards,

RSharan

Begin forwarded message:

**From:** "R. Sharan Pyakurel" <rspyakurel@gmail.com>
**Subject: Review Meeting on Current Situation of COVID-19 Response**
**Date:** September 19, 2021 at 5:00:19 PM GMT+5:45
**To:** savitripaudel200@gmail.com, abasant99@gmail.com, nbs_karki@yahoo.com, bbkhadka99@gmail.com, drtribhuvan@gmail.com, dr.diipendra@gmail.com, sumitragautam@yahoo.com, docsapkota@gmail.com, bhubank.28@gmail.com, sthadn.m25@gmail.com, drkaruna074@gmail.com, meshpradhan@gmail.com, drbbandhhu@gmail.com, arisapoude12@gmail.com, hirakarki29@gmail.com, idossujal@gmail.com, binod.dangal999@gmail.com, nkjha33@gmail.com, dipaktiwari@gmail.com, poudel.arjun28@gmail.com, bhuwan2000@hotmail.com, ghimiresagar@yahoo.com, mijark04@gmail.com, pranayu@gmail.com, chalisebt@gmail.com, shantiramkhatiwada15@gmail.com, kgelaldr@gmail.com, ddchapagain@gmail.com, jitusah22@gmail.com
**Cc:** hdprov3@gmail.com, info.hlmc@bagamati.gov.np, pphl2076@gmail.com, info@htc.gov.np, dhodhd.hospital@gmail.com, districtshulihospital@gmail.com, bhaktapurhospital@gmail.com, info@hetaudahospital.com, rasuwa.district.hospital@gmail.com, dhramechhap@gmail.com, chautarahospital@gmail.com, shsindhuli132@gmail.com, rhospital.gov.np@gmail.com, tokha.phc24@gmail.com, hospitalbajrabarahi2076@gmail.com, methinkothospital@gmail.com, charikotphc@gmail.com, dhokavre@gmail.com, dpho.chitawan@gmail.com, dhodolakha@yahoo.com, dhodhading@yahoo.com, dho.nuwakot@gmail.com, dphobhaktapur@gmail.com, dho.makawanpur1@gmail.com, dhorasuwa@gmail.com, dhoramechhap21@gmail.com, dpholp@gmail.com, sindhupalchokdho@gmail.com, hmissindhuli@gmail.com

Dear all,

Hello from Province Policy and Planning Commission !

It is our pleasure to inform you that Provincial Policy and Planning Commission is now on board from last week of Bhadra 2078. With given ToR and planned activities ahead, commission has been working with internal assessment of the different sectoral programs under Bagmati Province. Team of commission has planned to organize a meeting with all stakeholders, DPHOs, Hospital Superintendents and Different Departments, Divisions and Centers to review " Current situation of COVID-19 response and immediate action to be taken by the provincial government" on **4th of Ashoj at and to the hours of 02.00 PM to 05.00 PM.**

Hence you are requested to join virtual meeting with following zoom link. Looking forward to hearing from you.

Regards,

**R. Sharan Pyakurel**

Member

Province Policy and Planning Commission

Bagmati Pradesh, Hetauda

https://zoom.us/j/94035326159?pwd=T01IZk1TWndkRW9FNHRSZWd6aGNCZz09

**Zoom Meeting ID: 940 3532 6159**

**Passcode: 025619**

# अनुसूची २: जुम बैठकको स्क्रिन सट

